माई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या ८ राजपत्रमा प्रकाशित मिति : २०७४/१०/१०

**भाग -२**

**माई नगरपालिका**

## माई नगरपालिका शिक्षक छनौट कार्यविधि २०७४

सभाबाट स्वीकृत मिति : २०७४/१०/१०

प्रमाणिकरण मिति: २०७४/१०/१०

## माई नगरपालिका शिक्षक छनौट कार्यविधि

माई नगरपालिका शिक्षा नियमावली, २०७४ को दफा ५४(४) को अधीनमा रही शिक्षक तथा कर्मचारी छनौट कार्यलाई व्यवस्थित गर्न नगर कार्यपालिकाको मिति २०७४/१०/१० को निर्णयले यो कार्यविधि पारित गरी लागू गरिएको छ।

१. नियम ५४(१) बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समितिलाई सहयोग गर्न विज्ञ सूचीबाट दुई जना सम्म विज्ञहरुको सहयोग लिन सकिनेछ।

२. विद्यालयले रिक्त रहेको दरवन्दीमा १५ दिनको म्याद दिई विज्ञापन गर्नु पर्नेछ । उक्त विज्ञापन नगरपालिकाको कार्यालय, स्रोतकेन्द्र र आफ्नो विद्यालयमा टाँस गर्नु पर्नेछ । उक्त विज्ञापन सामाजिक सञ्जाल लगायत यथासक्य स्थानीय पत्रपत्रिका र एफ एम रेडियोमा समेतबाट प्रकाशन/प्रसारण गर्नुपर्नेछ।

३. छनौट परिक्षा हुन पूर्व कम्तीमा २ दिन अगावै उमेदवारहरुलाई जानकारी गराउनु पर्नेछ ! सो को लागि फोन सम्पर्क, मोबाइल म्यासेज र सूचना टाँसका सबै विधि अनिवार्य रुपमा अपनाउनु पर्नेछ । यति सूचना हुँदा हुँदै पनि कोही उमेदवारको अनुपस्थितिका कारण परीक्षा रोकिने छैन।

४. उक्त परिक्षाको अनुगमन नगरपालिकाले गर्न सक्नेछ।

५. प्रश्नपत्र निर्माण गर्दा पाठ्यक्रमको क्षेत्र निर्धारण गरी चिठ्ठा प्रणालीद्वारा प्रश्न पत्र निर्माण गरिनेछ।

६. लिखित परीक्षा संचालन गर्दा कोड डिकोड प्रणाली अपनाई उत्तर पुस्तिका परीक्षण गर्नु पर्नेछ। छनौट समितिमा रहेका प्रतिनिधिबाट कोड डिकोड गरिनेछ।

७. परीक्षालाई निष्पक्ष र मर्यादित ढंले संचालन गरिनेछ।

८. परीक्षा समितिले उत्तर पुस्तिका परीक्षण गर्दा बहु परीक्षकद्वारा परीक्षण गराई औषत अंकलाई लिखित परीक्षाको प्राप्ताङ्क मानिनेछ।

९. अन्तर्वार्ताको लागि परीक्षा समितिले कम्तीमा ३ जनाबाट अन्तर्वार्ता संचालन गरी औषत प्राप्ताङ्क नै अन्तर्वार्ता वापतको प्राप्ताङ्क कायम गरिनेछ।

१०. लिखित तथा अन्तर्वार्ता (आवश्यकता अनुसार प्रयोगात्मक )समेतको कूल प्राप्ताङ्कका आधारमा उच्चतम अंक प्राप्त गर्नेलाई सफल र निकतम अंक प्राप्त गर्ने उमेदवारलाई वैकल्पिक उम्मेदवारको रुपमा सिफारिस गर्नु पर्नेछ।

११. प्रारम्भिक बाल शिक्षा केन्द्रको शिक्षक/स.का. छनौट कार्य गर्दा समेत यसै कार्यविधिलाई मूल आधार मान्नु पर्नेछ। अन्य आवश्यक कार्यविधि छनौट समितिले तय गरी छनोट प्रकृयालाई सहज र मर्यादित बनाउन सक्नेछ।

१२. यो कार्यविधि जारी हुनु अघि शिक्षक तथा कर्मचारी करारमा नियुक्ति सम्बन्धमा भएका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले ,

नाम : कालिदास ढकाल

प्रमुख प्रशासकीय अधिकृत